

आयोजना स्थल सम्म पुग्ने मुख्य पहुँच मार्गको स्तरोन्तरी कार्य हुँदै

# दोर्दी-१ जलविद्युत खबर

चैत्र २०७३, अंक ४

## आयोजनाको हालको निर्माण अवस्था

सरकारी वन उपभोग अन्तर्गतको स्वीकृतिको लागि जिल्ला वन कार्यालय लमजुङ्गबाट सिफारिस भइसकेको र हाल काठमाडौं वन बिभागबाट उर्जा मन्त्रालयको स्वीकृतिको अन्तिम प्रक्रियाको लागि सिफारिस हुने क्रममा रहेको छ । चैत्र ७, २०७३ मा कन्सोर्टियम बैंकसँग बैठक सम्पन्न भएको छ । असार मसान्त २०७४ सम्ममा टनेल ठेक्का दिइसक्ने यस आयोजनाले लक्ष्य लिएको छ ।

आयोजनाका सम्पूर्ण सर्भे कार्यहरु सम्पन्न भइसकेका छन् । आयोजनाको पावरहाउस देखि उदिपुर सवस्टेशन सम्म १३२ के.भी बिद्युत प्रशारण लाइनको डिजाइन कार्य सम्पन्न भई प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनका लागि राय सुझाव संकलन गर्ने सम्वन्धमा सार्वजनिक सूचना निकालिएको छ ।



स्थानीय सँग आयोजनाको बिभिन्न पक्षमा छलफल गरिदै



एक्साभेटर द्वारा बाटो सफा गरिदै



क्याम्प फेन्सिङ्ग

दोर्दी खोला जलविद्युत कम्पनीले १०.३ मेगावाट बाट थप १.७ मेगावाट जडित क्षमता वृद्धिको लागि विद्युत विकास विभागबाट यस आर्थिक वर्ष भित्र सैद्धान्तिक सहमतिपत्र प्राप्त गरिसक्ने छ । साथै, आयोजनाको लागि आवश्यक थप १५ रोपनी जग्गा भाडामा लिने कार्य सम्पन्न भएको छ ।

आयोजना स्थलमा थप क्याम्प हाउस निर्माणको लागि डिजाइन सम्पन्न भएको छ । यस आयोजनाको निर्माण कार्य विस्तारको लागि कम्पनीद्वारा आयोजना निर्माण स्थलमा थप कर्मचारीमा सिभिल इन्जिनियर, मेकानिकल इन्जिनियर, इलेक्ट्रिकल इन्जिनियर र जनसम्पर्क अधिकृत परिचालन भएका छन् ।



दोर्दी आयोजना स्थल सम्म पुग्ने अस्थायी पूल



मुख्य सडक देखि सर्ज ट्याङ्क पुग्ने बाटो



क्याम्प हाउस

**सम्पादकः पार्वती पराजुली**

**दोर्दी खोला जलविद्युत कम्पनी लिमिटेड**

**त्रिपुरेश्वर ,काठमाडौं**

**फोन नः ९७७-१-४२३२७४८, ४२३२७४९,**

**ईमेल : info @dordikhola.com.np**

**वेबसाइट : www.dordikhola.com.np**